# धोबिनी गाउँपालिकाको

## आ.ब.-२०८२/०८३

## नीति,कार्यक्रम तथा बजेट

## धोबिनी गाउँकार्यपालिकाको कार्यालय,लंगडी,पर्सा

## धोबीनी गाउँपालिकाको गाउँसभामा उपाध्यक्ष श्री मंजु देवीज्यु बाट प्रस्तुत

## निति कार्यक्रम तथा बजेट -२०८२/०८३

**श्रीमान् सभाध्यक्ष महोदय**

**गाउँसभाका सदस्यज्यूहरु,**

**प्रमुख प्रशासकीय अधिकृतज्यू ,**

**गाउँपालिकाका कर्मचारीहरु, पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक अभिन्दन्दन र स्वागत गर्न चाहन्छु,**

सर्ब प्रथम यस धोबिनी गाउँपालिकाको गरिमामय दशौ गाउँ सभामा बिगत देखि अधिकार प्राप्तिका लागि आन्दोलन गर्दै नेपालको सार्बभौमसत्ता,सवाधिनता,भौगोलिक अखण्डता,अवाभिमान,लोकतन्त्र र मधेश आन्दोलनबाट प्राप्त हक अधिकार स्वथापना गर्न आफ्नो प्राण आहुति गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुलाई स्मरण गर्दै हार्दिक श्रधान्जली अर्पण गर्दछु तथा ति आन्दोलनको नेतृतव गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु साथै नेपाली समाजको रुपान्तरणमा यहाहरुले ल्याउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढीकरण गरी स्थानीय तहमा विधायिकी,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान वमोजिम गठित स्थानीय सरकारको प्रमुखको तर्फबाट धोवीनी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस गरेको छु।राष्ट्रलाई निरङ्कुश सामन्ती शासनप्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनिधिमार्फत राज्य संचालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात बीर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता,लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु ।

लोकतन्त्रको आधारस्तम्भको रुपमा एवं जनताले महसुस गर्न सक्ने र भेट्न सक्ने सरकारको रुपमा रहेको स्थानीय सरकारसंग जनताको विकास प्रतिको उच्च आकांक्षालाई समयोचित सम्वोधन गर्दै समग्र गाउँपालिका समृद्धि तर्फ तिब्र गतिको यात्रा तय गर्नु पर्ने अवस्थामा हामी स्थानीय सरकार रहेको छौं ।यस विचमा स्थानीय सरकारको स्वरुपलाई संविधान प्रदत्त व्यापक क्षेत्राधिकार भएको वलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियालाई संगसंगै र सावधानीपूर्वक अघि बढाउनु परेको छ । यस्तो जटिल र चुनौतिपूर्ण मोडमा लोकतन्त्रको संस्थागत विकास गर्न सदा सजग र संवेदनशील रहि हाम्रो धोबीनी गाउपालिका नतिजामुखी काम

गर्दैछ।नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार,त्यसका अधिकार क्षेत्र र संघ,प्रदेश र स्थानीय सरकारविचको सहकार्य,समन्वय र सहअस्तित्व समेतको मर्म अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्तिसहितको नीति तथा कार्यक्रम समेतलाई ध्यानमा राखी हाम्रो गाउँसभा मार्फत पारित ऐन नियम तथा कार्यविधि समेतका आधारमा आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तय गरिएको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

स्थानीय सरकार जनभावना,जनआकांक्षा र आवश्यकताका आधारमा स्थानीय नागरिकको जीवनस्तरमा सुधार गर्ने तथा विकास र अपेक्षा पूरा गर्न दृढ संकल्पका साथ अगाडि बढिरहेको छ।भौतिक संरचना पर्याप्त नहुनु, अनुभवी कर्मचारी र अन्य स्रोतसाधनको कमी हुनु तथा संघ,प्रदेश र स्थानीय तहवीच आयोजनाको वर्गीकरण समयमा नहुनु जस्ता अनेकन प्रतिकूलताका बाबजुद स्थानीय सरकारले हासिल गरेका केही महत्वपूर्ण उपलव्धिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

नेपालको सन्दर्भमा स्थानीय सरकार नवीनतम प्रयोग भएकाले स्थानीय सरकारको सुशासन,विकास र समृद्धिको लागि स्थानीय सरकार सञ्चालनका क्रममा स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्रभित्रका महत्वपूर्ण ऐन,नियम,निर्देशिका,कार्यविधि र मापदण्ड जारी भई कार्यान्वयनमा आएका छन् । यसबाट स्थानीय सरकारलाई संविधान एवं कानुन वमोजिम प्रदत्त विधायिकी अधिकारको संस्थागत हुंदै गएको र गाउँपालिकामा कानुनी र कार्यविधिगत आधार तयार भई काम कारवाहीमा थप सहजता आएको छ।

स्थानीय तहमा न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान र कानुन वमोजिम न्यायिक समिति गठन भई न्यायिक समिति समक्ष दर्ता भएका विवादहरुको आपसी छलफल र मेलमिलापको माध्यमबाट समाधान गरिएको छ । स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ४७ ले व्यवस्था गरेको न्यायिक समितिको अधिकार क्षेत्रको मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन नभए पनि न्यायिक समितिबाट कामकारवाही अगाडि बढेको छ ।

स्थानीय स्तरको शैक्षिक ज्ञान,सीप र प्रविधिको संरक्षण,प्रवर्दन र स्तरीकरण गर्न गाउँ शिक्षा समितिको गठन गरिएको छ । आधारभूत तहको परीक्षा सञ्चालन,अनुमगन र व्यवस्थापन गर्न छुट्टै कार्यविधि निर्माण गरि कक्षा आठको परिक्षा मर्यादित एवं व्यवस्थित रुपमा सम्पन्न गरिएको छ । प्रारम्भिक वाल विकास केन्द्रबाटै विद्यालयको शैक्षिक सुधार गर्न सहयोगी कार्यकर्ताहरुको भर्ना गरिएको छ ।

## आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

अब, म आगामी आ.व. २०८२/०८३ का लागि **योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०८२/०८३ को धोबिनी गाउँपालिकाको योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरू, पन्ध्रौं आवधिक योजनाका नीति, रणनीति र प्राथमिकताहरु,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय ,लगायत विभिन्न मन्त्रालयवाट प्राप्त मार्गदर्शन तथा यस धोवीनी गाउँपालिकाको बस्तुगत आवश्यकतालाई मुख्य आधार बनाइएको छ ।

**यस निति तथा कार्यक्रम र बजेटले लिएको उदेश्य देहाय बमोजिम रहेका छन्,**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुरयाउने,
- कृषि क्षेत्रलाई उत्पादनमुलक र छिटो प्रतिफल दिने गरि कार्यन्वयन गर्ने,
- राजस्व बृधिको लागि बिभिन्न संयन्त्र परिचालन गर्ने,
- सार्बजनिक सेवा प्रवाह,संस्थागत विकास र शुसासंमा योगदान पुरयाउने,
- लैङ्गिक समानता,सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने,
- दिगो विकास,वाताबरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुरयाउने,
- धोबिनी गा.पा.को कला क्षेत्र र संस्कृतिको पहिचान र प्रबर्धन गर्ने,
- स्थानीय नागरिकको आवश्यकता र मांगलाई सम्बोधन गर्ने,
- जनताको जीवनस्तरमा प्रत्यक्ष फाईदा हुने आय आर्जन गर्न तथा रोजगारीमा वृद्धि हुने,
- गाउँपालिका भित्र साक्षर घोषणा कार्यक्रम तथा शौक्षिक अभिवृधि कार्यक्रम संचालन गर्ने,

**धोबीनी गाउँपालिकाले आ.व. २०८२/०८३ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-**

- वर्तमान संविधानले गरेको व्यवस्था तथा प्रावधानहरु,
- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचिहरु
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- नेपाको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु

- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- स्थानीय शासन संचालन ऐन २०७४ र नियमावलीका प्रावधानहरु ।
- विकासका समयामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।
- धोवीनी गाउँ पालिकामा आवश्यक देखिएका अन्य विषयहरु तथा साक्षर घोषणा अभिवृधि कार्यक्रम ।

<u>योजना र आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु</u>

- यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु ।
- उत्पादनमूलक र शिघ्र प्रतिफल दिने ।
- आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुऱ्याउने ।
- छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।
- पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।
- स्थानीय स्रोत।साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने।
- प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।
- परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने।
- वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने
- गाउँपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।
- हरेक योजना तथा कार्यक्रमहरुको सूचना मार्फत बिकासको लागी जानकारी गराई जनताहरुमा स्थानीय सरकार माथि विश्वास,प्रतिफल,तथा सुझाव मार्फत विकास गराइने |

**श्री सभासदस्यहरु**

हामीले यस आ.व. २०८२/०८३ को बजेट तर्जुमा गर्दा आधार लिइएका र आगामी दिनमा पुरा गर्नेगरी लिइएका नीतिहरु निम्नानुसार रहेका छन् ।

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि जीवन आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस अभियानको नेतृत्व प्रदान गर्नु हुने सम्पूर्ण श्रद्धेय अग्रजहरूप्रति सम्मान व्यक्त गर्दछु। राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र सामाजिक न्याय,

समानता र समृद्धिको लागि सङ्घर्ष गर्नु हुने महान् नेपाली तथा मधेशी नागरिक र त्यसको सबल एवम् सक्षम नेतृत्व गर्नु हुने नेपाली तथा मधेशी राजनीतिक शिखर व्यक्तित्वप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२. सङ्घीय गणतन्त्र नेपालको स्थापना भए पश्चात जनताको जनादेश प्राप्त संविधानसभा मार्फत निर्माण गरिएको संविधानको कार्यान्वयन गर्ने शिलशिलामा विक्रम सम्वत २०७४ सालको स्थानीय तहको निर्वाचन पश्चात तपाईँ हामी धोवीनी गाउँपालिकाबासीको स्थानीय सरकारको प्रतिनिधिको रुपमा सेवा गर्ने सुअवसर प्राप्त भएको हो । हामीले धोबीनी बासीको जनताका जनअपेक्षा अनुरुप कार्य गर्ने प्रयत्न गरि नै रहेका छौँ । विकास भनेकै जनताका अपेक्षाहरूलाई सम्बोधन गर्ने क्रममा सरकारले गर्ने निरन्तर सकारात्मक परिवर्तनका लागि गर्ने प्रयत्नहरूको निरन्तर प्रक्रिया हो । त्यसैले गत गाउँसभामा प्रस्तुत भएका जनताका चाहानाहरू अहिले पनि निरन्तर रहिरहेको अवस्थालाई मध्यनजर गर्न जरुरी छ ।

३. मुलुकको राजनीतिक तथा प्रशासनिक संरचना परिवर्तन पश्चातको यो घडीमा उभिएर संविधानले परिकल्पना गरेको दीगो शान्ति एवं हामी सबैले अपेक्षा गरेको समृद्ध नेपाल : सुखी नेपालीको लक्ष्यलाई आत्मसात् गरी धोवीनी गाउँपालिकाको विकास र समृद्धिको लागि वार्षिक नीति तथा कार्यकम प्रस्तुत गर्न यहाँहरू माझ उभिएको छु ।

४. धोवीनीगाउँपालिका अहिले आर्थिक विकासको बाटोमा अघि बढिरहेको छ । सङ्घीय शासन प्रणालीले देशभर विकासमा प्रतिस्पर्धा बढेको छ र विभिन्न तहका सरकारहरूबीच प्रतिस्पर्धात्मक विकासको अवधारणा विकसित हुँदै आएको छ ।

५. स्थानीय तह सदस्य निर्वाचन २०७९ भए पश्चात गठन भएको जनप्रतिनिधिमूलक यस गरिमामय सभामा म दोश्रो पटक यस गाउँपालिकाको नीति तथा कार्यकम लिएर उपस्थित भएकी छु । विगत वर्षहरूमा जनप्रतिनिधिहरुले लिएका नीति तथा कार्यकमले यस गाउँपालिकाको विकासको गति मापनयोग्य र अनुमानयोग्य तवरबाट अगाडि बढेको होला भनि मेरो विश्वास रहेको छ ।

६. नीतिगत स्पष्टता, कार्य जिम्मेवारीको बोध, कर्मचारी संयन्त्रको सुदृढीकरण, जनशक्ति व्यवस्थापन एवं पूर्वाधार क्षेत्रको विकासले हामीमा अधिकारको प्रयोग बढेको छ भने अधिकारले दिएको सेवाको जिम्मेवारी प्रभावकारी रूपमा वहन गर्न टेवा पुगेको छ ।

७. हामीले तय गरेका विकासका प्राथमिकताहरू पूरा हुँदै गएका छन् । यद्यपि आगामी दिनमा हामीले लिने विकासका नीति एवं कार्यकमलाई दिगो र परिणाममुखी बनाउदै लैजानु उत्तिकै चुनौतीपूर्ण रहेको छ ।

८. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा विनियोजन विधेयक २०७९ को सिद्धान्त र प्राथमिकता नेपाल सरकार तथा प्रदेश सरकारको निति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासका लक्ष्य तथा गाउँसभा सदस्यहरूले दिनुभएको सुझावहरूलाई मार्गदर्शनको रुपमा लिइएको छु । विभिन्न राजनितिक दल, संघ संस्था, विद्वत वर्ग, लक्षित वर्गबाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत ध्यान दिएको छु । सङ्घीय तथा प्रदेश मन्त्रालयहरूवाट प्राप्त परिपत्र, दिग्दर्शन र विभिन्न विषयगत बजेट सिलिङको आधारमा सहभागितामूलक तवरले आयोजना र कार्यक्रम छनौट गरी आ.व. २०८२ ०८३/को नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौं । साथै

आथिंक वर्ष २०८२ ०८३/मा संविधानले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही स्थानीय स्तरमा बाँकी रहेका महत्वपूर्ण ऐन, नियम र कार्यविधि, निर्देशिका तयार गरी सोही बमोजिम कार्य अगाडि बढाउनु पर्ने टड्कारो आवश्यकता छ ।

९. "सबैको ऐक्यबद्धता : स्वच्छ, सुन्दर कृषि समृद्ध धोबीनी हाम्रो प्रतिवद्धता" भन्ने मूल सोचलाई चरितार्थ गर्न जातीय, धार्मिक, भाषिक, सांस्कृतिक तथा भौगोलिक विविधता युक्त सामाजिक एकता भएको प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस गाउँपालिकालाई थप शैक्षिक, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यटनको केन्द्रको रुपमा विकसित र समृद्ध बनाउदै लैजानका लागि आ.व. २०८२ ०८३/मा यो नीति तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१०. नेपालको सविधान, स्थानीय सरकार सञ्चालन ऐन, सङ्घीय एवम् प्रदेश सरकारको नीति तथा कार्यक्रम, सङ्घीय एवं प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकारले राष्ट्रिय/अन्तराष्ट्रिय जगत्मा प्रतिवद्धता जनाएका विषयहरू, दिगो विकासको लक्ष्य, एवम् आम धोवीनीगाउँपालिकाबासी आमा बुबा, दाजुभाइ तथा दिदी बहिनीहरूले व्यक्त गर्नु भएका विकासका चाहना र आकाङ्क्षाहरू नै यस नीति तथा कार्यक्रमका मार्ग निर्देशनहरू हुन् ।

११. आम धोवीनी गाउँपालिका बासीको वास्तविक आवश्यकतालाई सम्बोधन गर्न छिटो छरितो र प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्नु र न्यून स्रोतबाट अधिकतम उपलब्धी हासिल गर्नु यस नीति तथा कार्यक्रमको मूख्य ध्येय रहेको छ ।

१२. कार्यन्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी तपाइँ हामी आम नागरिकमा भ्रम फैलाउनु र नीति तथा कार्यक्रमलाई विकासको मोटो कागजी दस्ताबेज बनाउनु भन्दा कार्यान्वयन योग्य दीर्घकालीन र अल्पकालीनको संक्षिप्त योजना र कार्यक्रमको गोजी पात्रो बनाउनु मेरो मूख्य लक्ष्य हो ।

## आर्थिक विकास

१३. नेपाल कृषि प्रधान देश रहेको हुनाले धोबिनी गा.पा.पनि कृषि प्रधान पालिका भएको हुदा यहाको आर्थिक विकास र समृद्धि गाउँपालिकाको मूख्य उद्देश्य रहेकाले गाउँपालिका भित्रका सम्पूर्ण योजना तथा कार्यक्रमलाई सोही दिशामा अघि बढाइनेछ ।

१४. रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट बजेट विनियोजन गरी स्थानीय पूर्वाधार विकाससगैं रोजगारीका माध्यमबाट आय आर्जनमा वृद्धि गराइनेछ । गाउँपालिकाको समग्र विकासको लक्ष्य प्राप्तिको योजना तर्जुमाका लागि आवधिक योजना निर्माण गरिनेछ र सोही बमोजिम आर्थिक एवम् अन्य क्रियाकलाप सञ्चालन गरिनेछ ।

१५. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई यस आर्थिक वर्ष २०८२ ०८३/मा समावेश गरी रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

१६. गरिबी निवारणका लागि लघु उद्यम विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

<u>कृषि तथा पशुपंक्षी विकास (पशुपालन तथा ग्रामीण कृषि</u> : धोबीनी गाउँपालिकाको समृद्धि)

१७. **कृषिमा उन्नति** : धोबीनी गाउँपालिका बासीको समुन्नति भन्ने सोचमा आधारित रही धोबीनी गाउँपालिकाले कृषि क्षेत्रलाई व्यावसायिक, आत्मनिर्भर तथा प्रमुख आय स्रोतको रूपमा विकास गर्ने गरी मुख्य प्राथमिकतामा राख्ने नीति लिइनेछ ।

१८. दिगो कृषि प्रणालीलाई प्रवर्द्धन गर्न ५ वर्षे रणनीतिक पत्र(Periodic Strategy Paper) तयार गरिनेछ ।

१९. हरित खाद्य (Food Green) लाई बढावा दिन घरको निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्दा कम्तिमा पनि दुईवटा फल दिने रुख रोपेको हुनु पर्ने व्यवस्था लागू गरिनेछ ।

२०. कृषि तथा सिंचाई क्षेत्रको समग्र विकासका लागि कृषि सहकारी सञ्जाल निर्माण, अर्गानिक कृषि उत्पादन, बिउ बिजन, किट वितरण तथा सतह सिँचाई, कृषि विद्युतीकरण (नहर, प्लास्टिक पोखरी, स्प्रिङ्कल सिंचाइ, थोपा सिंचाइ) को प्रबर्द्धन गर्नका लागि कृषि तथा सिंचाई कार्यालय लगायत अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी कृषक समूहहरूलाई प्रोत्साहित गरिनेछ ।

२१. कृषकहरूको मागको आधारमा बेमौसमी तरकारी खेती तथा व्यावसायिक खेती प्रणालीलाई अवलम्बन गर्दै लगिनेछ ।

२२. धोबीनी गाउँपालिकाका पछि परेका कृषकहरूलाई प्राथमिकतामा राखी आवश्यकता अनुसारको कृषि औजार तथा बीउ विजनहरू उपलब्ध गराउने नीति लिइनेछ ।

२३. कृषि सहकारीहरूलाई उल्लेखनीय कार्यहरू गर्न गराउनका लागि प्रोत्साहन गरिनेछ ।

२४. गाउँपालिकामा उत्पादित दुग्ध पदार्थ, खाद्य पदार्थ, तरकारी फलफूल लगायत नगदे बाली उत्पादनहरूको बजारमा निकासी गर्न पहुँच वृद्धि गर्दै आन्तरिक बजार विस्तारका लागि जोड दिइनेछ । साथै उत्पादित कृषिजन्य वस्तुहरूलाई भण्डारणका लागि तरकारी र दूध चिस्यान केन्द्रको व्यवस्था गरिनेछ ।

२५. दुध, मासु र माछाको उत्पादनमा जोड तथा पशुपालनका लागि घाँसे खेती कार्यक्रम प्रवर्द्धन गरिनेछ । पशुपंछी पालन तथा कृषिलाई व्यवसायीकरण गर्न चाहने युवा किसानहरूलाई ज्ञान, सीप, प्रविधि र लजिस्टिक सपोर्ट प्रदान गरिनेछ ।

२६. कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाध सुरक्षा र खाद्य सम्प्रभुताको आधारका रुपमा विकास गरिनेछ । उच्च मूल्यका कृषि उपजहरूको वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । कृषि उपजहरूको अर्गानिक उत्पादन गर्ने कार्य लाई प्राथमिकता दिइनेछ । कृषकहरूलाई मौज्दात रहेसम्म जैविक मलमा अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

२७. किसानलाई सुलभ तरिकाबाट बीउँ तथा मल उपलव्ध गराउने व्यवस्था मिलाइने छ ।

२८. कृषि तथा पशु पंक्षी सम्बन्धी प्राविधिक ज्ञान र सीप प्रदान गर्न कृषि सेवा केन्द्रलाई विकसित गरिनेछ ।

२९. कृषिमा सहजिकरणको लागि कृषि मिटर,पोल,बोरिगँ,मोटर,स्प्रेटँकी तथा आवश्यक कृषि उपकरणहरुको सहजै व्यवस्थापन गरिने छ ।

३०. चिनौं आफ्नो माटो : बनाऔं आफ्नै गाउँ भन्ने मूल नाराका साथ खाद्य तथा नगदे बाली प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु ।

३१. विदेश पलायन भएका युवालाई कृषिमा आकर्षित गरी रोजगारीको अवसर सिर्जना गर्दै स्वरोजगार तथा आत्मनिर्भर बनाउन कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

३२. नेपाल सरकारको नीति अनुरुप वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई कृषि तथा पशुपालन व्यवसायमा आकर्षित गर्न बारीका पाटा र खेतका गरा : हुन्छन् सबै हराभरा भन्ने मूल नीतिका साथ सामूहिक कृषि तथा पशुपालन गर्न चाहेमा निश्चित अनुदान दिने नीति लिइनेछ ।

३३. मत्स्यपालक र कुखुरापालक कृषकहरूलाई निश्चित अनुदानमा वर्षको एक पटक वितरण गर्ने माछाका भुरा तथा कुखुराको चल्ला सहायता स्वरुप अनुदान उपलब्ध गराउने ।

३४. "आफ्नो लागि आफैं उत्पादन गरौं, तरकारीमा आत्मनिर्भर बनौं" र "एक घर एक करेशाबारी" भन्ने नाराका साथ तरकारीमा आत्मनिर्भर हुन आवश्यक नीति तय गरिनेछ ।

३५. आम गाउँपालिकाबासीलाई स्वच्छ माछा मासु उपभोग गर्ने वातावरणको सुनिश्चितता प्रदान गर्नका लागि पशु बधशाला र मासु जाँच गर्ने ऐन, २०५५ को कार्यान्वयनमा आवश्यक पहल गर्ने नीति लिइनेछ । साथै मासु व्यवसायीहरूले गाउँपालिकाले तोकेको स्थानमा मात्रै मासुको कारोवार गर्नको लागि प्रोत्साहन गरिनेछ ।

३६. कृषि उत्पादनको क्षेत्रमा गाउँपालिका आफैंले निश्चित स्थानको छनौट गरी सामुहिक व्यवसाय सञ्चालन गराई रोजगारीको सिर्जना गरिनेछ ।

३७. पशुधन सुरक्षाको लागि नाम्ले जुका, कृणा, जुम्रा, लुतो, जस्ता विभिन्न औषधीको आवश्यकतालाई पूर्ति गर्न पशु शिविर सञ्चालन गरिनेछ ।

३८. अर्गानिक खेती प्रणालीलाई प्रोत्साहित गरी विषाधिको प्रयोगलाई हटाइनेछ । एवम् आगामी आ.व.भित्र गाउँपालिकालाई अर्गानिक गाउँपालिका घोषणा गर्न जोडदार पहल गरिनेछ ।

३९. एक वडा तह : एक पकेट क्षेत्र भन्ने नीति लिई फलफूल तथा खाद्य बाली र नगदेबालीलाई विशेष प्रोत्साहन गर्दै उत्पादनमा जोड दिइनेछ । यसका लागि सम्बन्धित विषय विज्ञ झिकाइ सम्भाव्यता अध्ययन गरी पकेट क्षेत्र घोषणा गरिनेछ ।

४०. परजिवी नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

४१. तोरी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

४२. लोपउन्मुखहुदै गएको पशु पालनलाई प्रवर्द्धन गरिनेछ ।

४३. कृषि तथा पशु पालन क्षेत्रको विकासको लागि कृषकहरूलाई तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

४४. गाउँपालिका स्तरीय कृषि उपज सङ्कलन केन्द्र स्थापना गरिनेछ ।

४५. नर्सरी प्रर्वद्धनका लागि १ वडा १ नर्सरी कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ साथै कृषिजन्य बोटविरुवाको आयत न्यूनिकरण गरिनेछ । स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ ।

४६. सङ्घीय सरकारको नीति बमोजिम भूमिको खोजी र प्रविधिको संयोजनमा कृषिभूमिको सदुपयोग गरी कृषिको व्यवसायिक उत्पादन बढाउन भूमिबैंकको स्थापना गरिनेछ । भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गरी करार, व्यावसायिक, सहकारी र सामूहिक खेती गर्न समुदायको समन्वयमा एकै प्रकारका बाली लगाउने व्यवस्था मिलाइनेछ ।

## पर्यटन

४७. पर्यटन क्षेत्रको टेवाका लागि गाउँपालिकामा पर्यटकीय सम्भावनायुक्त क्षेत्रको पर्यटन पूर्वाधार विकास विस्तार र संरक्षणमा जोड दिइनेछ ।

४८. गाउँपालिका क्षेत्रभित्र धार्मिक, सास्कृतिक, ऐतिहासिक सम्पदाको नियमित संरक्षण र प्रर्वद्धन गरिनेछ ।

४९. गाउँपालिकाको चिनारी/पहिचान प्रर्वद्धन गर्ने संघ संस्था, व्यक्ति वा कार्यक्रम आयोजकलाई प्रोत्साहन गरिनेछ ।

५०. **पर्यटनको प्रवर्द्धन : धोबीनी गाउँपालिकाको संस्कृति सम्वर्द्धन** भन्ने मूल नाराका साथ सबै जातजाति कला भाषा, धर्म सस्कृति एवम् समुदायको रीतिथिति, रहनसहनलाई सम्मान गर्दै प्रोत्साहन गरिनेछ । साहित्य तथा कला क्षेत्रको विकासका लागि प्रर्वद्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

५१. आदि कालदेखि बसोबास गर्दै आएका आदिबासी जनजाति लगायत विशेष जातजाति, समुदाय र सम्प्रदायको विशेष संस्कृति, चाडपर्व, रीतिरिवाज र परम्परालाई संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।

५२. यस गाउँपालिकाको छिमेकी गाउँपालिका तथा नगरपालिकामा रहेका पर्यटकीय स्थल, धार्मिक स्थलसम्म आवतजावतका लागि सहज सडक सञ्जाल निर्माणका लागि निरन्तरता दिइनेछ ।

## उद्योग तथा वाणिज्य

५३. यस गाउँपालिका भित्र स्थापना भई सञ्चालनमा रहेका सम्पूर्ण उद्योग व्यवसायलाई जनस्वास्थ्य र वातावरण अनुकूलनमा सञ्चालन हुने गरी दर्ता गराई नियमन गरिने व्यस्वथा मिलाएको छु ।

५४. **एक घर : एक उद्यमी** नीति अवलम्बन गरी लघु उद्यम विकास मोडलमा नयाँ उद्यमीहरू निर्माण गर्ने नीति लिइनेछ ।

## सहकारी नीति

५५. शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारीसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा देहायका नीतिहरू अवलम्बन गरिनेछ :-

५६. सहकारी क्षेत्रको विकास, विस्तार र प्रबर्द्धनका लागि दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५७. सहकारी उद्योग व्यवसायको विकास, विस्तार र प्रवर्द्धनमा स्थानीय सरकार तथा विकास साझेदारहरूको सहभागितालाई प्रोत्साहित गरिनेछ।

५८. सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन पालिका भित्रका सम्बन्धित सरकारी निकाय तथा सहकारी संघ संस्थाहरूलाई प्रभावकारी ढङ्गले परिचालन गरिनेछ ।

५९. आम नागरिकहरूलाई सहकारी सम्बन्धी जनचेतना अभिवृद्धिका लागि स्थानीय निकाय, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, शैक्षिक क्षेत्र, सञ्चार जगतका साथै सम्बद्ध सामाजिक संघ संस्थाहरू परिचालन गरिनेछ ।

६०. कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई श्रमिकहरूको स्वामित्व रहने सहकारी उद्योग व्यवसाय मार्फत रोजगारीको

सिर्जना गर्न नीतिगत व्यवस्थाका साथै उपयुक्त कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६१. सहकारी उद्योग व्यवसायलाई स्वच्छ र वातावरणमैत्री बनाउन आवश्यक प्रविधिको उपयोगमा जोड दिइनेछ ।

६२. कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरूको संलग्नतालाई प्रोत्साहन गरिनेछ ।

६३. सार्वजनिक क्षेत्रका कलकारखाना, कृषि फर्म तथा बजार केन्द्रहरूको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

६४. कृषि, शिक्षा, स्वास्थ्य, उर्जा, बीमा, पर्यटन, सञ्चार जस्ता उत्पादन तथा सेवाका उद्योग व्यवसायमा सहकारी संघ संस्थाको लगानी र व्यवस्थापनलाई उत्प्रेरित गरिनेछ ।

६५. सहकारी क्षेत्रमा अनुसन्धान तथा विकासको कार्यलाई प्रोत्साहित गर्दै यस क्षेत्रमा नवीन प्रयोग तथा सम्भावनाका नयाँ क्षेत्रहरूको पहिचान गरिनेछ ।

६६. स्थानीय पूँजी, श्रम, सीप र साधनको परिचालन गरी ग्रामीण अर्थतन्त्रको विकास गर्न सहकारीमा आधारित कृषिसँग सम्बन्धित उद्योग व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

६७. गरिबी निवारण कोष मार्फत सञ्चालित समूहहरूलाई वडास्तरमा सहकारी मार्फत एकीकृत गरी परिचालन गरिनेछ ।

### वित्तीय क्षेत्र

६८. वित्तीय सेवा प्रभावलाई व्यवस्थित रूपमा नियमन, सञ्चालन तथा वित्तीय क्षेत्रको स्रोत परिचालन गरिनेछ ।

६९. भुक्तानी प्रणालीलाई सुरक्षित आधुनिक र विद्युतीय प्रविधिमा आधारित बनाइनेछ ।

७०. बैँक तथा वित्तीय संस्थालाई बाह्य पूँजी परिचालन गर्न प्रोत्साहित गरिनेछ ।

७१. आम नागरिकमा पहुँच पुग्ने गरी बीमाको दायरा विस्तार गरिनेछ ।

७२. लगानी तथा व्यापारलाई व्यवस्थित गर्न आवश्यक कानुन तर्जुमा गरिनेछ ।

७३. विभिन्न समूह मार्फत बचत तथा ऋणको कारोबार गर्ने स-साना समूहहरूलाई सहकारी संस्थामा दर्ता गर्न प्रोत्साहित गरिनेछ ।

७४. बैँक तथा वित्तीय संस्थाहरूको स्थापना गर्न आवश्यक सहजीकरण गरिनेछ ।

७५. बचत गर्ने प्रणालीलाई व्यवस्थित गर्न नयाँ बैँक खाता सञ्चालनका लागि आम नागरिकहरूलाई प्रोत्साहित गरिनेछ ।

## सामाजिक विकास

### शिक्षा

७६. "समृद्ध धोबीनीको टेवा : घर-घरमा शिक्षा, स्वास्थ्य र स्वरोजगार सेवा"

७७. यस धोबीनी गाउँपालिकामा शिक्षा क्षेत्रमा समग्र विकासका लागि एकीकृत शिक्षा योजना तथा शिक्षा प्रोफाइल निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०+२ का रुपमा स्थापित बिद्यालयहरुलाई नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय समक्ष आवश्यक पहल कदमी र समन्वय को लागि अनुरोध गरिनेछ ।

७८. सबै बालबालिकाहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालयमा भर्ना अभियानलाई अघि बढाइ यस वर्ष भित्र नै विद्यालय जाने उमेरका सवै बालबालिकालाई विद्यालय भर्ना गराई माध्यमिक तह सम्मको शिक्षालाई क्रमश नि.शुल्क र अनिवार्य गरिनेछ ।

७९. सम्पुर्ण बालबालिकालाई विद्यालय टिकाऔं र सिकाई निरन्तरता अभियान सञ्चालन गरिनेछ । मानव विकास सूचकाङ्कमा पछि परेका स्थानीय तहमा रहेका सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सवै विद्यार्थीलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवा खाजा नेपाल सरकारबाट उपलब्ध हुने बजेटलाई गुणस्तरिय रुपमा कार्यान्वयन गर्न तथा यसलाई प्रवर्द्धन गर्न गाउँपालिकाद्वारा विषेश निगरानी गरिनेछ ।

८०. यस गाउँपालिका अन्तर्गतका विद्यालयलाई अपाङ्गता तथा बालमैत्री बनाइनेछ । अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा पहुँच अभिवृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासका लागि विभिन्न खेलकुद सामग्रीहरू वितरण गरिनेछ ।

८१. कक्षा १०का विद्यार्थीका लागि अतिरीक्त कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

८२. धोबीनी गाउँपालिकाका सामुदायिक विद्यालयहरूलाई क्रमशः अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न पहल गरिनेछ ।

८३. सामुदायिक विद्यालयको पठन पाठन गुणस्तरीय बनाउन निरन्तर अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

८४. शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

८५. यस गाउँपालिका भित्रका युवाहरूलाई सरकारी सेवा प्रति आकर्षण पैदा गर्न व्यवस्थित तथा प्रभावकारी रुपमा लोक सेवा आयोगको कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

८६. शिक्षा सम्बन्धी कुनैपनि किसिमको सहयोग वा प्रोत्साहन सम्बन्धी सुविधा यस गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययनगर्ने तथा यस गाउँपालिकामा स्थायी बसोबास गरेको नागरीकको छोरा छोरीलाई मात्र उपलव्ध गराइनेछ ।

८७. हरेक सामुदायिक विद्यालयमा वार्षिक अभिभावक भेला गरीआय–व्यय सार्वजनिक गर्ने तथा हरेक विद्यालयको उत्कृष्ट शिक्षक एवम् विद्यार्थीलाई प्रोत्साहित गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

८८. गाउँपालिकाका प्रत्येक विद्यालयलाई विद्यार्थीको बहुआयामिक विकासको लागि खेलकुद सामग्रीउपलव्ध गराउनुका साथै अतिरिक्त कियाकलापको योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

८९. गाउँपालिका भित्रका विद्यालयमा कम्प्युटर सञ्चालनमा रहेको विद्यालयमा कम्प्युटर कक्षाको निरन्तर रुपमा सञ्चालनको सुनिश्चितता गर्न मर्मत सम्भारको व्यवस्था गरिनेछ ।

९०. गाउँपालिकास्तरीय छात्र र छात्राहरूको लागि छुट्टा छुट्टै खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।

९१. शिशुकक्षाका विद्यार्थीहरूलाई खेल तथा शिक्षण सामाग्री व्यवस्था गरिनेछ ।

९२. यस गाउँपालिकामा सञ्चालित कक्षा ११ र १२ का विद्यालयहरूलाई आर्थिक र भौतिक सहयोग गरिनेछ ।

९३. गाउँपालिका भित्र सञ्चालित विद्यालयहरूले अपेक्षित नतिजा दिन नसकेमा वा गाउँपालिकाको निर्देशानुसारको कार्य तोकिएको समयमा नगरेमा गाउँपालिकाले आवश्यक नियम बनाई कारवाही गर्न सक्नेछ ।

९४. विद्यालयमा सुशासन : नागरिक सबैमा अनुशासन नाराका साथ अनुगमन तथा सुपरीवेक्षणका माध्यमबाट शैक्षिक क्षेत्रलाई व्यवस्थित गरिनेछ ।

९५. बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७ अनुसार एकै किसिमको रङरोगन तथा बिग्रेका संरचनाको पुन:निर्माण गरी भौतिक संरचनाको सुदृढीकरण गरिनेछ ।

९६. गाउँपालिकाको शैक्षिक गतिविधि बारे जाकारी  दिन शैक्षिक क्यालेन्डर, बुलेटिन, स्मारिका जस्ता सामग्री प्रकाशन तथा वितरण गरिनेछ ।

९७. गाउँपालिका भित्रका उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

९८. विद्यार्थीको प्रतिभा प्रष्फुटन गराउन विभिन्न किसिमका प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९९. गाउँपालिकाका विद्यालयहरुमा सञ्चालन हुने विभिन्न परीक्षाहरूलाई व्यवस्थित गरिनेछ ।

१००. जीवनमा शिक्षाको औपचारिक सुरुवातको रुपमा रहने बाल विकास शिक्षालाई रोचक, ज्ञानवर्द्धक र व्यवस्थित बनाइनेछ ।

१०१. बाल बिकास सहजकर्तालाई तालिमको व्यवस्था गरिनेछ ।

१०२. सिकाई उपलब्धी कम प्रतिशत भएका विषयगत शिक्षकहरूलाई गणित, विज्ञान र अङग्रेजी विषयको तालिम सञ्चालन गरिनेछ । शैक्षिक संस्थाहरूलाई गुणस्तरीय बनाउन अध्ययन अवलोकन भ्रमण गराई त्यहाँको असल अभ्यास अनुशरण गराइनेछ ।

१०३. सम्भाव्यताका आधारमा आवश्यक नियम कानुन तथा कार्यविधि तर्जुमा गरी भाषा नीति तथा मातृभाषा शिक्षा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१०४. बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको थप तलब सुविधाको लागि सङ्घीय सरकारसँग माग गर्ने र बजेट पनि विनियोजन हुने व्यवस्था अवलम्बन गरिनेछ ।

१०५. नि.मा.वि. र मा.वि.का विधार्थीहरुलाई प्रयोगात्मक शिक्षा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१०६. विधालयहरुको लागि आवश्यक स्वयमसेवकको व्यवस्था,उच्च शिक्षाको व्यवस्थीत गर्नको लागि विधार्थी सहुलियतमको निमित आवश्यक रकम विनियोजन गरिने छ ।

१०७. प्लस टु निशुल्क गरिने तथा मौसम अनुसारको खेलकुद व्यवस्थापन गरिने छ ।

<u>युवा तथा खेलकुद</u>

१०८. प्रत्येक वर्ष गाउँपालिका स्तरीय विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

१०९. समृद्ध राष्ट्र निर्माणमा युवाको भूमिकालाई मध्यनजर गर्दै युवा बेरोजगारलाई न्यूनीकरण गर्न युवा स्वोरोजगार सम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११०. गाउँपालिकाभित्र लुप्त बालबिबाह, घरेलु हिंसा, छुवाछुत, वर्गीय विभेद जस्ता कुसंस्कार तथा कुरीतिको न्यूनिकरण गर्न विविध किसिमका जनचेतना जगाउने कार्यक्रममा युवाहरूलाई परिचालन गरिनेछ ।

१११. बालबालिका तथा युवाहरुको शारिरीक तथा मानसिक विकासका लागि खेलकुदहरुमा जोड दिइनेछ । केन्द्र, प्रदेश सरकारको सहकार्यमा सम्भाव्यताको आधारमा रङ्गशाला, खेलमैदान,

युवा क्लब तथा विचरण पार्क क्रमिक रुपमा स्थापना गर्न आवश्यक बजेट माँग गर्न प्रस्ताव गरेको छु ।

११२. युवा उद्यमीहरूलाई हौसला प्रदान गर्न सम्मान एवम् पुरस्कृत गरिनेछ ।

११३. अध्यक्ष कप क्रिकेट टुर्नामेट प्रतियोगिता आयोजना गर्ने व्यवस्था मिलाएको छु ।

११४. यस गाउँपालिकाको प्रत्येक वडा युवाहरुलाई व्याम गर्नको लागि आवश्यक सामाग्रीहरु प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

## स्वास्थ्य

११५. धोबीनी स्वास्थ्य चौकीमा संचालित वर्थिगं सेन्टर अझ प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु ।

११६. यस गा.पा.का प्रत्येक वडामा आमजनताहरुको स्वास्थ्य हेरचाहको लागि स्वास्थ्यकर्मीहरु सहितको घुम्ती टोलि गठन गरी टोली परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

११७. धोबीनी गाउँपालिकामा स्वास्थ्य प्रयोगशाला संचालन गर्ने व्यवस्था मिलाएको छु ।

११८. यस गाउँपालिकाभित्र लागू औषध, जुवा, तास, रक्शी बन्देज गर्न पहल गरिने छ । साथै कसैले सेवन गरे गराएको पाईएमा दण्ड/जरिवाना लाग्ने छ । सो दण्ड/जरिवानाबाट उठेको रकम ईलाका प्रहरी कार्यालयको कोषमा र गाउँपालिकाको कोषमा जम्मा गरिनेछ ।

११९. सवै सार्वजनिक स्थलहरुमा धुम्रपान र मदिरा सेवन निषेध गरिनेछ । मदिरा र सुर्तिजन्य पदार्थको आयात तथा विक्री वितरण लाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

१२०. विद्यालयका छात्राहरु महिनावारीको समयमा विद्यालय आउन नसक्ने हुँदा छात्राहरुलाई सेनेटरी प्याड निशुल्क वितरणको व्यवस्था मिलाएको छु ।

१२१. सरकारी तथा अन्य सामुदायिक अस्पतालसँग सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१२२. नेपाल सरकारको नीति अनुसार नै गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरूको भौतिक सुधार गरी स्वास्थ्य सुविधालाई सहज र पहुँचयोग्य बनाइनेछ ।

१२३. ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरूको स्वास्थ्य जाँचको लागि निःशुल्क स्वास्थ्य परीक्षणका लागि उपचार खर्च तथा सम्मान कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

१२४. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी तथा अध्ययन अवलोकनको व्यवस्था गरिनेछ ।

१२५. आपतकालीन अवस्थामा बिरामी बोक्नका लागि व्यवस्था गरिएको एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

१२६. स्वास्थ्य सम्बन्धी स्थानीय ऐन, नियमावली तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१२७. सबै स्वास्थ्य संस्थामा आवश्यक औषधि, सामग्री, औजार उपकरण तथा खोप खरिद तथा वितरण गरिनेछ ।

१२८. स्वास्थ्य संस्थामा रिक्त रहेका दरबन्दी पूर्तिका लागि करार सेवाबाट पदपूर्ति गरिनेछ ।

१२९. सरकारी तथा गैर सरकारी संघ संस्था तथा सेवापरामर्श दाताहरुको सहकार्यमा स्वास्थ्य संस्थाको स्तरोन्नति गर्ने नीति समेत लिएको छु ।

१३०. सबै स्वास्थ्य संस्थामा इन्टरनेट प्रविधिको व्यवस्था गरी मासिकरुपमा (DHIMS) रिपोर्टिङ गर्ने व्यवस्था मिलाइनेछ ।

१३१. बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ स्वास्थ्यकर्मीहरूलाई प्रचलित कानुन र सूचकका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी नाइट भत्ता दिने व्यवस्था मिलाइनेछ ।

१३२. स्वास्थ्य विमा लाई विशेष जोड दिदै हरेक महिना स्वास्थ्य शिविरको व्यवस्था मिलाइने छ । साथै २४ घण्ट इमरजेन्सी सेवाको व्यवस्था मिलाईने छ ।

१३३. विपन्‍न वर्गको लागि विशेष व्यवस्था तथा ब्लड बैंकमा सहजै ब्लड उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

## लैंगिक समानता र सामाजिक समावेशीकरण

१३४. छुवाछुत, जातिय, भेदभाव लगायतका विकृति न्यूनीकरणमा विशेष अभियान सञ्चालन गरिनेछ ।

१३५. फरक क्षमता (अपाङ्गता) भएका व्याक्तिहरूको परिचय पत्र वितरण कार्य सहज र सरल बनाई क्षमता र सीप विकासमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१३६. जेष्ठ नागरिकसँगको ज्ञान, सीप र अनुभवलाई आत्मीकरण गर्न विभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालन साथै सम्मान कार्यक्रम गरिनेछ ।

१३७. मूर्त-अमूर्त सांस्कृतिक सम्पदा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम मार्फत गाउँपालिकाकालाई जिल्लाकै सांस्कृतिक धरोहरका रुपमा विकास गरिनेछ ।

१३८. सबै वडा/टोलमा बाल क्लब गठन तथा अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ ।

१३९. गाउँपालिकाद्वारा प्रदान गरिने कुनै किसिमको सेवा सुविधा यस गाउँपालिकाको नागरिकलाई मात्र उपलव्ध गराईने छ ।

१४०. राष्ट्रिय स्तरको चाडपर्व, मेला तथा दिवस मनाउन(जस्तै : प्रजातन्त्र दिवस,सहिद दिवस, नारी दिवस, तीज लगायत अन्य) आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१४१. यस गाउँपालिका भित्रका विभिन्न मठमन्दिर, मस्जिद तथा मदरशाहरुमा आवश्यकता अनुसार वस्तुगत सहायता स्वरुप आवश्यक सामाग्रीहरु वितरण गरिनेछ ।

## भौतिक पूर्वाधार विकास - *भौतिक पूर्वाधार समुन्नतिको आधार : विकास जनताको अधिकार*

१४२. यस गाउँपालिका मातहतका विभिन्न सरकारी निकाय तथा कार्यालयहरूको व्यवस्थापनका साथै यसै आर्थिक वर्षभित्रै गाउँपालिका र भवन नभएका वडा कार्यालयहरुको आफ्नै नाममा जग्गा प्राप्त गरी सोको डि.पि.आर. गराई सो बमोजिमको आवश्यक बजेटका लागि नेपाल सरकार, प्रदेश सरकार र यस स्थानीय सरकारको सहकार्यमा गाउँकार्यपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गर्नुका साथै क्रमागत रूपमा वडाको वडाकार्यालय भवन निर्माण कार्य यसै आर्थिक वर्षमा सुरु गरिनेछ ।

१४३. यसै आर्थिक वर्षमा यस गाउँपालिकाको भूउपयोग नीति तयार गरी सोही अनुरुप विकास निर्माण तथा सहरीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४४. बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ मा व्यवस्था भए बमोजिम घरमा सेफ्टी ट्याङ्की निर्माण र जडान भएका तथा तोकिएको सडक क्षेत्राधिकारको जग्गा पुग्ने गरी सडकको चौडाइ भए पश्चात मात्र घरलाई निर्माण सम्पन्न प्रमाण पत्र दिने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।

१४५. सङ्घीय सरकार, पूर्वाधार विकास साझेदारी कार्यक्रम तथा प्रदेश सरकारको सहयोग तथा स्थानीय सरकारको सहकार्यमा गाउँपालिका जोड्ने मुख्य सडकहरू ग्राभेल तथा कालोपत्रे गर्ने कार्यमा विशेष पहल र जोड दिइनेछ ।

१४६. यसै गाउँभाबाट पारित गराई गाउँपालिकाद्वारा गरिने विभिन्न भौतिक पूर्वाधारमा लाग्ने सामाग्री तथा मजदुरीका दररेटको कार्यविधी बनाई लागू गर्ने सम्बन्धी सर्वाधिकार कार्यपालिकामा रहने व्यवस्थमा मिलाएको छु ।

१४७. यस गाउँपालिकाभित्र सार्वजनिक जग्गामा निर्माण भएको घर टहरा हटाइनेछ । साथै मिचिएका सार्वजनिक जग्गा एकिन गरी गाउँपालिका मातहतमा ल्याइने छ ।

१४८. नक्शा पास नगराई घर, टहरा, पर्खाल निर्माण कार्य भएमा कार्यवाहीको नीति लिइनेछ ।

१४९. नापीनक्शा अनुसार सडक चौडा गरी सडक ढलान र नाला निर्माणको कार्यलाई तिव्रता दिइनेछ ।

**१५०.** हाल भइरहेका सडकहरूको स्तरोन्नति अन्तर्गत मूल सडक कम्तिमा ३३ फिट (नाला सहित),सहायक सडक १८ फिट र पुराना वस्तिहरुका साघुरा सडकहरूलाई समेत प्रत्येक घर सम्म एम्बुलेन्स,दमकल पुग्न सक्ने गरि कम्तिमा १३ फिट हुने गरि कायम गरिनेछ भने वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका दृष्टिले नयाँ सडक खोल्ने कार्यलाई अत्यावश्यक बाहेक निरुत्साहित गरिनेछ ।

## वातावरण तथा विपद् व्यवस्थापन

### वन,वातावरण, जलवायु तथा भूसंरक्षण

१५१. स्वच्छ, हराभरा र प्रदुषण मुक्त गाउँपालिका स्थापित गर्न अध्ययन संचालन गरी जैविक विविधता तथा जलवायू परिवर्तन अनुकुलनमा गाउँपालिका, निजी क्षेत्र, सहकारी तथा सामुदायिक र गैर सरकारी क्षेत्र बीच सहकार्य गरिनेछ ।

१५२. जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकलनका कार्यक्रम संचालन गरिनेछ । आसपासका सवै क्षेत्रहरुको सफाइमा विशेष ध्यान दिइनेछ ।

१५३. हरेक वडामा रहेको ऐलानी जग्गा एकिन गरी वृक्षारोपणको व्यवस्था गरिनेछ ।

१५४. जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्यररत विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरी जलवायु अनुकुलन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ । बाढी, हावाहुरी, डुवान तथा भू-क्षयलाई न्यूनीकरण गर्न बायो इन्जिनियररिङ्गको प्रविधि अङ्गिकार गरिनेछ ।

१५५. धोबीनी गाउँपालिकाका सडकको दुवै छेउमा वृक्षरोपण गरिनेछ ।

१५६. प्रत्येक वडामा रहेका सार्वजनिक इनारहरुको सफाइ तथा व्यवस्थापन गरिने छ ।

## फोहोरमैला व्यवस्थापन

१५७. हरेक वडाका टोल बस्तीहरूमा फोहोरमैला विसर्जन स्थल निर्माण कार्यलाई प्रभावकारी बनाइनेछ ।

१५८. कुहिने र नकुहिने फोहोर छुट्याई कुहिने फोहोरबाट जैविक मल बनाउन प्रोत्साहन गरिने छ ।

१५९. गाउँपालिका अन्तर्गतका सबै सार्वजनिक निकायहरूमा सुविधा सम्पन्न शौचालय निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

१६०. स्वच्छ धोबीनी गाउँपालिका सफा धोबीनी गाउँपालिका कार्यक्रम अन्तर्गत आवश्यक स्वीपरको व्यवस्था गरिनेछ ।

## विपद व्यवस्थापन

१६१. विपद व्यवस्थापनसँग सम्बन्धित ऐन, कानून, कार्यविधी निर्माण गरी कार्यन्वयन गरिनेछ ।

१६२. विपद व्यवस्थापन कोषमा आवश्यक रकम थप गर्दै लगिनेछ ।

१६३. विपद व्यवस्थापनको पूर्व तयारीमा आवश्यक सामाग्री, औजार, उपकरण, खरिद गरी विपद व्यवस्थापन समिति मार्फत प्रयोगको लागि व्यवस्था गरिनेछ ।

## संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

१६४. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, तेस्रो पक्ष अनुगमन, सामुदायिक स्कोर कार्ड जस्ता विधिहरूको प्रयोग गरी सुशाासन अभिवृद्धि गरिनुका साथै भ्रष्टाचार विरुद्धको शून्य सहनशीलतामा जोड दिइनेछ ।

१६५. वित्तीय तथा आर्थिक अनुशासन कायम गर्न र छिटो छरितो सेवा प्रवाह गर्न प्रशासनिक क्रियाकलापमा प्रविधिको प्रयोगमा जोड दिइनेछ । लेखा, राजस्व, जिन्सी तथा जनशक्ति व्यवस्थापन लगायतका कार्यलाई समेत सफ्टवेयरमा आधारित बनाइनेछ ।

१६६. स्क्यानर सहितको कलर प्रिन्टर प्रत्येक वडा कार्यालयसम्म पुऱ्याई भरपर्दो इन्टरनेट सुविधा विस्तार गरी सम्पत्ति कर, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा वितरण, दर्ता नवीकरण लगायतका कार्यहरूलाई वडास्तरबाटै अनलाइन सिस्टममा लगिनेछ ।

१६७. गाउँपालिकाको वेभसाइटलाई सम्पूर्ण सूचना प्राप्त गर्न सकिने थलोका रूपमा विकास गर्नुका साथै गाउँपालिका तथा वडाकार्यालय समेतको फेसबुक पेज निर्माण गरी सूचना सम्प्रेषणमा जोड दिइनेछ ।

१६८. सुचना प्रविधिको क्षेत्रमा भएको असल अभ्यास लाई अनुसरण गरी आगामी दिनमा गाउँपालिकाले प्रदान गर्ने सबै सेवाहरुलाई क्रमशः विधुतिय प्रणालिमा रुपान्तरण गरिनेछ ।

१६९. निर्णय प्रक्रियालाई शिघ्र र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीलाई नतिजाप्रति उत्तरदायी र जिम्मेवार बनाइनेछ । आर्थिक अनुशासनको कडाईका साथ पालना गरिनेछ ।

१७०. यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण कार्यालय तथा विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्था मिलाइनेछ ।

१७१. गाउँपालिकाको विकास गतिविधिको प्रशारण तथा जनताको अपेक्षा संकलनका लागि स्थानीय सञ्चार माध्यमको प्रयोग गरिनेछ ।

१७२. सूचना प्रविधिमा आधारित रही राजस्व सम्बन्धी सम्पूर्ण कारोबार अनलाइन प्रणाली मार्फत सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

१७३. युवालाई व्यवसायिक तथा उद्यमशीलता तालिम, नव प्रवर्तन पूँजी र प्रविधिमा पहुँच तथा सहज व्यवसायिक वातावरण उपलव्ध गराई उद्यमी बनाइनेछ ।

१७४. कर्मचारीको क्षमता विकासका लागि आवश्यक विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । विज्ञ झिकाइ कर्मचारी तथा जनप्रतिनिधिहरूलाई सेवाग्राहीमैत्री बनाउन उत्प्रेरणात्मक तथा सकारात्क सोच र समृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१७५. गाउँपालिकाका सबै कार्यालयहरूलाई डिजिटाइजेसन गर्ने गरी तयारी गरिनेछ ।

१७६. सम्पत्ति कर सम्बन्धी व्यवस्थालाई अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ ।

१७७. गाउँपालिकाका सबै वडा तथा कार्यालयहरूमा सुझाव पेटिका, नागरिक वडापत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ ।

१७८. गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहीहरूलाई सहज रूपमा सेवा लिनका लागि कार्यालयमा स्थापना गरिएको सहायता कक्षको स्थापना गरिनेछ ।

१७९. न्यायिक समितिलाई अझै थप जवाफदेही तथा सुदृढ बनाउन गाउँपालिकास्तरीय मेलमिलाप समिति गठन गरिने छ ।

१८०. यस गाउँ कार्यपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको स्थानीय प्रोत्साहन भत्ता कार्य सम्पादनको आधारमा तलबको तिस प्रतिशतसम्म उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१८१. कार्यालय समय बाहेक विहान बेलुका गाउँसभाको तयारीमा खट्नु भएका पदाधिकारी तथा कर्मचारीहरुलाई एक महिना बराबरको थप तलब सुविधा उपलब्ध गर्ने व्यवस्था मिलाएको छु ।

१८२. न्यायिक समितिलाई व्यवस्थित तथा भरपर्दो बनाउन इजलास तथा ड्रेसको व्यवस्था मिलाएको छु ।

१८३. न्यायिक समितिमा दिने निवेदन, फिराद लिखित जवाफ व्यक्तिले आफ्नो मनपर्दो कानून विपरित जस्तो सुकै निवेदन लिई आउने गरेकोले प्रत्येक वोर्डमा कानूनी प्रशिक्षण सम्बन्धी कार्यक्रम आवश्यक देखिदा आवश्यकता अनुसारको सम्पूर्ण कुराको व्यवस्था मिलाउने तथा उपलब्ध गराउने लगायत न्यायिक समितिको भ्रमणको लागि व्यवस्था मिलाईनेछ ।

१८४. अड्डा अदालतमा मुद्दा मामिला सम्बन्धिी वारिस/प्रतिनिधिमा लाग्ने खर्चको व्यवस्था गरिनेछ ।

१८५. न्यायिक समितिबाट प्रदान गरिने न्यायिक निरुपणका लागि न्यायिक समितिको सचिवालय र इजलास स्थापना गरिनेछ । साथै क्षमता विकास सम्बन्धी तालिम, गोष्ठी र अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ

सम्माननीय सभाध्यक्ष ज्यू,

हामीले पर्याप्त समस्याहरूका बीचमा सम्भावना खोज्दै गरेको अवस्था हो । मुलुकले सङ्घीय शासन व्यवस्था अबलम्वन गरे पश्चात् स्थानीय तहमा सम्भावना र अवसर खोज्ने साथै मुलुकको कायाँपलट गर्ने दायीत्व हाम्रो काँधमा रहेको छ । यसका लागि हामीले योजना तर्जुमा गर्दा सेवामूलक, उत्पादनमूलक, रोजगारमूलक, वातावरणमैत्री र रीतिरिवाजको संरक्षण गर्ने खालका कार्यक्रमहरूलाई सन्तुलित ढङ्गले अगाडि बढाउन सकियो भने मुलुकले अगाडि सारेको समृद्ध नेपाल : सुखी नेपालीको दीर्घकालीन सोच साकार पारेर देशलाई समृद्ध बनाउन सकिने कुरामा विश्वास व्यक्त गर्न चाहान्छु ।

यस गाउँपालिकालाई समृद्ध बनाई जनतालाई सुखी बनाउन सकिन्छ । हामीले यी अवसर उजागर गर्दै नमुना गाउँपालिका बनाउन जनताले हामीलाई निर्वाचित गरी पठाउनु भएको छ । जनताको नजरमा हामीले यो अग्नि परीक्षामा उत्तीर्ण हुनु छ । हामीले बनाएको नीति तथा कार्यक्रम र यसलाई सघाउने योजना निर्माण नै हुन् । तसर्थ आजको प्रस्तुत नीति तथा कार्यक्रम अनुसार

आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम बन्ने र प्रभावकारी कार्यान्वयनमा गम्भीर छलफल र सल्लाह सुझाव प्राप्त हुने नै छ भन्ने पूर्ण विश्वास लिएको छु।

आजको प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष रुपमा अहोरात्र खटिई सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री अशोक कुमार रौनियार ज्यू तथा आर्थिक प्रशासन शाखा र अन्य विषयगत शाखाका कर्मचारी साथीहरूलाई विशेष धन्यवादका साथै आजको यस कार्यक्रममा पाल्नु हुने प्रमुख अतिथि, विशेष अतिथि, लगायत सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू तथा राजनीतिक दलका पार्टी प्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, पत्रकार, सुरक्षाकर्मी र देश विदेशमा रहनु भएका यस धोबीनी गाउँपालिका बासी आम दाजुभाइ, दिदीबहिनीहरू सबैमा हार्दिक कृतज्ञता र आभार प्रकट गर्दछु र अब म धोबीनी गाउँपालिकाको आ.व.२०८२/०८३ को आय-व्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु।

| आय तर्फ अनुमानित बजेट | |
|---|---|
| वित्तिय हस्तान्तरण (नेपाल सरकार) | |
| १ . समानिकरण अनुदान | ८,४३,००,०००/०० |
| २ सशर्त अनुदान | १३,२७,००,०००/०० |
| ३ राजस्व वांडफाड | ७,५०,६३,१११/०० |
| ४.समपुरक अनुदान | |
| जम्मा | २९,२०,६३,१११/०० |
| वित्तिय हस्तान्तरण (प्रदेश सरकार) | |
| १. समानिकरण अनुदान | ५७,०१,०००/०० |
| | |
| २. राजस्व बांडफांड | ४५,२४,८७०/०० |
| ३. स्थानीय राजस्व वाडफाड | ६१,००,०००/०० |
| जम्मा | १,६२,२५,८७०/०० |
| आन्तरिक राजस्व गत आ.ब.को मौज्दात समेत | ३,०५,००,०००/०० |
| जम्मा | |
| कुल जम्मा | ३३,८८,८८,९८१/०० |

| व्यय तर्फ अनुमानित बजेट विनियोजन | | | |
|---|---|---|---|
| सि.नं. | क्षेत्र | रकम | कैफियत |
| १ | कार्यसञ्चालन तलब भत्ता प्रशासनिक खर्च तथा सम्पूर्ण चालु प्रकृत्तिका खर्चहरु र भौतिक पूर्वाधार तथा बिकास निर्माण | २०,६१,८८,९८१/०० | |
| २ | संघीय सशर्त अनुदान | १३,२७,००,०००/०० | |
| | जम्मा | ३३,८८,८८,९८१/०० | |

**अध्यक्ष महोदय,**

यस गाउँपालिका विकास योजनालाई स्वीकृतीका लागि गाउँसभामा पेश गर्ने क्रममा बस्ती तह, वडा समिति, वडा वासी, गाउँमा कृयाशिल राजनैतिक पार्टीहरु, विषयगत क्षेत्रहरु,नागरिक समाज,सरोकारवाला निकाय, ब्यापारी, पत्रकार,धोबिनी गाउँकार्यपालिका परिवार, गाउँपालिका कर्मचारी परिवार लगायत सम्बद्ध पक्षले पुरयाउनु भएको सहयोग र सहभागिता उल्लेखनिय रहेको छ ।

सहभागितात्मक गाउँपालिका विकास योजना तर्जुमाका विभिन्न चरणमा सहभागि भई दशौं गाउँ सभा आयोजना गर्ने क्रममा यहाँहरुबाट प्राप्त साथ र सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा अब म यस धोबिनी गाउँपालिकाले माथि उल्लेखित नीति तथा कार्यक्रमहरु स्वीकृत गरिदिनहुन गाउँ सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

उपाध्यक्ष

धोबिनी गाउँपालिकाको कार्यालय,पर्सा